**आकाशवाणी समाचार- नेपाली**

मितिः ०३ नोभेम्बर २०२५

समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

**मुख्य समाचार**

१. राष्ट्रपति द्रौपदी मुर्मुले आज बिहान नैनीतालस्थित नीम करोली बाबाको आश्रम, कैंची धामको भ्रमण गर्नुहुनेछ।

२. भारतीय जनता पार्टीका वरिष्ठ नेता तथा प्रधानमन्त्री नरेन्द्र मोदीले मेरा बूथ सबसे मज़बूत पहलको एक भागको रूपमा आज बिहारका महिलाहरूसँग अन्तरक्रिया गर्नुहुनेछ।

३. चुनाव आयोगले आज आफ्नो विशेष गहन संशोधन एसआईआर अभ्यासको दोस्रो चरण सुरु गर्नेछ। यसले नौ राज्य र तीन केन्द्र शासित प्रदेशहरूलाई समेट्नेछ।

४. श्रम तथा रोजगार मन्त्री मनसुख मण्डावियाले आजदेखि ६ नोभेम्बरसम्म दोहामा आयोजना हुने दोस्रो विश्व सामाजिक विकास शिखर सम्मेलनमा भारतीय प्रतिनिधिमण्डलको नेतृत्व गर्नु हुनेछ।

५. भारतीय क्रिकेट नियन्त्रण बोर्ड (BCCI ले इतिहासमा पहिलोपल्ट महिला क्रिकेट विश्वकप जित्ने ऐतिहासिक उपलब्धिको सम्मानमा ५१ करोड नगद पुरस्कार घोषणा गरेको छ।

**राष्ट्रपतिको कैंची धाम भ्रमण**

राष्ट्रपति द्रौपदी मुर्मुले आज बिहान नैनीतालस्थित नीम करोली बाबाको आश्रम, कैंची धामको भ्रमण गर्नुहुनेछ। कैंची धाम मन्दिर व्यवस्थापनले राष्ट्रपतिको भ्रमणका कारण आज दिउँसो १२ बजेपछि भक्तजनलाई मन्दिरको भ्रमण गर्न अनुरोध गरिएको बताएको छ।राष्ट्रपति मुर्मुले आज नैनीतालस्थित कुमाउँ विश्वविद्यालयको २० औं दीक्षान्त समारोहमा पनि भाग लिनुहुनेछ। राष्ट्रपति उत्तराखण्डको तीन दिने भ्रमणको दोस्रो दिन हिजो नैनीताल आइपुग्नुभयो। सुरक्षाको कारणले गर्दा जिल्लालाई ड्रोनमुक्त क्षेत्र घोषणा गरिएको छ।

**प्रधानमन्त्री - मेरा बूथ सबसे मज़बूत**

भारतीय जनता पार्टीका वरिष्ठ नेता तथा प्रधानमन्त्री नरेन्द्र मोदीले **मेरा बूथ सबसे मज़बूत** पहलको एक भागको रूपमा आज बिहारका महिलाहरूसँग अन्तरक्रिया गर्नुहुनेछ। सामाजिक सञ्जालमा पोस्ट गर्नु हुँदै श्री मोदीले अन्तरक्रियाको लागि आफ्नो उत्साह व्यक्त गर्नुभयो र बिहार विधानसभा चुनावमा भाजपा-एनडीए गठबन्धनको विजय सुनिश्चित गर्न महिलाहरूले पूर्ण हृदयले योगदान गरिरहेको उल्लेख गर्नुभयो। उहाँले थपनु भयो, यस अभियानमा उनीहरूको सक्रिय सहभागिताले बिहारमा लोकतान्त्रिक प्रक्रियालाई बलियो बनाइरहेको छ।

**ईसी-एस.आई.आर**

चुनाव आयोगले आज आफ्नो विशेष गहन संशोधन एसआईआर अभ्यासको दोस्रो चरण सुरु गर्नेछ। यसले नौ राज्य र तीन केन्द्र शासित प्रदेशहरूलाई समेट्नेछ, जसमा लगभग ५१ करोड मतदाताहरू छन्। मतदाता नामावलीको व्यापक संशोधन ७ फरवरी २०२६ मा अन्तिम मतदाता नामावलीको प्रकाशनसँगै समाप्त हुनेछ। यो एसआईआरको दोस्रो चरण हो, जुन पहिले

बिहारमा लागू गरिएको थियो, जहाँ लगभग ७ करोड ४२ लाख नामहरू भएको अन्तिम मतदाता नामावली ३० सेप्टेम्बरमा प्रकाशित भएको थियो।

***नयाँ चरणले अण्डमान र निकोबार, लक्षद्वीप, छत्तीसगढ, गोवा, गुजरात, केरला, मध्य प्रदेश, पुडुचेरी, राजस्थान, तमिलनाडु, उत्तर प्रदेश र पश्चिम बंगाललाई समेट्नेछ। २०२६ मा तमिलनाडु, पुडुचेरी, केरला र पश्चिम बंगालमा विधानसभा चुनाव हुने तालिका छ। यस वर्ष पनि चुनाव हुने तालिका रहेको असम, नागरिकता ऐनको प्रावधान अन्तर्गत सर्वोच्च न्यायलयको निरीक्षणमा नागरिकताको प्रमाणीकरण भइरहेको कारणले यस चरणको हिस्सा हुनेछैन। एसआईआर आजबाट गणना चरणबाट सुरु हुनेछ र ४ दिसम्बरसम्म जारी रहनेछ। मतदाता सूचीको मस्यौदा ९ दिसम्बरमा जारी गरिनेछ, त्यसपछि अन्तिम प्रकाशन ७ फरवरी २०२६ मा हुनेछ। यो स्वतन्त्रतापछिको नवौं यस्तो संशोधन हुनेछ। अन्तिम संशोधन २००२ र २००४ को बीचमा भएको थियो। निर्वाचन आयोगका अनुसार एसआईआरको उद्देश्य अवैध अप्रवासीहरूसहित अयोग्य नामहरू हटाउँदै कुनै पनि योग्य नागरिक सूचीबाट बाहिर नपरेको सुनिश्चित गर्नु हो। प्रक्रियामा मतदाताको जन्मस्थान प्रमाणित गर्नु समावेश छ। अधिकारीहरू अनुसार यसले अयोग्य नागरिकहरू, विशेष गरी बंगलादेश र म्यानमारबाट आएका अवैध अप्रवासीहरू पहिचान गर्न मद्दत गर्नेछ।***

## पुडुचेरी-एस.आई.आर

पुडुचेरीमा मतदाता सूचीको विशेष गहन संशोधनको एक भागको रूपमा आज घर-घरमा गणना प्रक्रिया सुरु हुनेछ। पत्रकार सम्मेलनलाई सम्बोधन गर्दै पुडुचेरीका मुख्य निर्वाचन अधिकारी पी. जवाहरले विशेष गणना फारमहरूको छपाई पूरा भएको बताउनु भएको छ। बुथ-स्तरीय अधिकारीहरू, चुनाव दर्ता अधिकारीहरू र सहायक चुनाव दर्ता अधिकारीहरूलाई तालिम दिइएको छ। बुथ-स्तरीय अधिकारीहरूले दुई चरणको तालिम लिएका थिए, जसमध्ये एउटा राजनीतिक दलहरूको बुथ-स्तरीय एजेन्टहरूसँग संयुक्त रूपमा सञ्चालन गरिएको थियो।

गणना प्रक्रिया ४ दिसम्बरसम्म जारी रहनेछ। यस अवधिमा, बुथ-स्तरीय अधिकारीहरूले घर-घर गएर पहिले भरिएका गणना फारमहरू अवस्थित मतदाताहरूलाई वितरण गर्नेछन्, पूरा भएका फारमहरू सङ्कलन गर्नेछन् र अनुपस्थित, स्थानान्तरण गरिएका, डुप्लिकेट वा मृतक मतदाताहरू पहिचान गर्न विवरणहरू प्रमाणित गर्नेछन्। उनीहरूले नयाँ योग्य मतदाताहरूको विवरण पनि सङ्कलन गर्नेछन्। राजनीतिक दलका बुथ-स्तरीय एजेन्टहरूले प्रति दिन मतदाताहरूबाट ५० वटासम्म पूरा गरिएका गणना फारमहरू सङ्कलन गर्न र बुथ-स्तरीय अधिकारीहरूलाई हस्तान्तरण गर्न सक्छन्।

मतदाता नामावलीको मस्यौदा ९ दिसम्बरमा प्रकाशित हुनेछ र दाबी तथा आपत्ति ८ जनवरीसम्म दर्ता गर्न सकिनेछ। सुनुवाइ र प्रमाणीकरण ३१ जनवरीसम्म सञ्चालन हुनेछ र अन्तिम मतदाता नामावली अर्को वर्ष ७ फरवरीमा प्रकाशित हुनेछ।

## मण्डाविया - दोहा शिखर सम्मेलन

श्रम तथा रोजगार मन्त्री मनसुख मण्डावियाले आजदेखि ६ नोभेम्बरसम्म दोहामा आयोजना हुने दोस्रो विश्व सामाजिक विकास शिखर सम्मेलन (WSSD-२) मा भारतीय प्रतिनिधिमण्डलको नेतृत्व गर्नु हुनेछ। शिखर सम्मेलनको क्रममा, डा. मण्डावियाले सामाजिक न्यायको लागि विश्वव्यापी गठबन्धनमा अन्तर्राष्ट्रिय श्रम संगठनको मन्त्रीस्तरीय संवादमा भाग लिनु हुनेछ र समावेशी र समतामूलक विकासको लागि भारतको दृष्टिकोणको प्रतिनिधित्व गर्नु हुनेछ। उहाँले सामाजिक विकासका तीन स्तम्भहरूलाई सुदृढ पार्ने उच्चस्तरीय गोलमेचलाई सम्बोधन गर्नु हुनेछ र समावेशी र डिजिटल रूपमा सक्षम विकासतर्फ भारतको परिवर्तनकारी यात्रालाई उजागर गर्नु हुनेछ।

## भूपेन्द्र यादव- कॉप सम्मेलन

केन्द्रीय पर्यावरण मन्त्री भूपेन्द्र यादव १० नोभेम्बरमा ३० औं जलवायु परिवर्तन सम्मेलन- अफ द पार्टीज (**कॉप**) को लागि प्रस्थान गर्नेछन्। यो सम्मेलन १० नोभेम्बरदेखि २१ सम्म ब्राजिलमा आयोजना हुनेछ। यसले जलवायु परिवर्तन सम्बन्धी अन्तर्राष्ट्रिय संवादको लागि विश्वको प्रमुख मञ्चको रूपमा काम गर्दछ, जसले लगभग २०० देशका प्रतिनिधिहरू साथै

वैज्ञानिकहरू, गैर-सरकारी संस्थाहरू, व्यवसायहरू र नागरिक समाजलाई एकै ठाउँमा ल्याउँछ। यस पटक ब्राजिलले पारा राज्यको बेलेममा सम्मेलन आयोजना गर्नेछ, जुन अमेजन वर्षावनको प्रवेशद्वारमा अवस्थित छ।

**सिन्धिया-भारत-फ्रान्स फोरम**

उत्तर पूर्वी क्षेत्रका सञ्चार तथा विकास मन्त्री ज्योतिरादित्य सिन्धियाले हिजो गुवाहाटीमा भारत-फ्रान्स उत्तरपूर्वी लगानी फोरमलाई सम्बोधन गर्दै भन्नु भयो, उत्तरपूर्वी क्षेत्र भारत-फ्रान्स सहयोगको नयाँ क्षेत्रको रूपमा द्रुत गतिमा उदाइरहेको छ। उहाँले फोरमलाई दृष्टिकोण र उद्यमबीचको पुलको रूपमा वर्णन गर्नु भयो। श्री सिन्धियाले भन्नु भयो, यो साझेदारी केवल सन्धिहरूमा आधारित छैन तर विश्वासमा पनि आधारित छ। उहाँले भन्नु भयो, प्रधानमन्त्री नरेन्द्र मोदीको दूरदर्शी नेतृत्वमा भारत-फ्रान्स सम्बन्ध विश्वको सबैभन्दा व्यापक रणनीतिक साझेदारीमध्ये एक बनेको छ, जसले रणनीतिलाई भावनासँग र नवीनतालाई समावेशीतासँग जोड्दछ।

**हजारिका - भारत रत्न**

उत्तर पूर्वी क्षेत्रका सञ्चार तथा विकास मन्त्री ज्योतिरादित्य सिन्धियाले हिजो गुवाहाटीमा आयोजित एक समारोहमा भारत रत्न डा. भूपेन हजारिका राष्ट्रिय पुरस्कार प्रदान गर्नु भयो । दुवै कार्यक्रमले भारतको सांस्कृतिक विविधता, पूर्वोत्तरको सम्पदा र राष्ट्र निर्माणमा महिला र युवाहरूको महत्त्वपूर्ण भूमिकालाई सम्मान गरेको थियो। उत्तर पूर्वी क्षेत्र विकास मन्त्रालयको विज्ञप्ति अनुसार, पुरस्कार समारोहमा श्री सिन्धियाले कवि, संगीतकार र राष्ट्रको आवाजको रूपमा भूपेन हजारिकालाई श्रद्धाञ्जली अर्पण गर्नु भयो। आफ्नो सम्बोधनमा श्री सिन्धियाले भनु भयो, भूपेन दाको नाममा पुरस्कार प्रदान गर्नुले कलाकारलाई मात्र नभई सहानुभूति र सांस्कृतिक एकीकरणको युगलाई पनि सम्मान गर्दछ। साहित्य, संगीत, चलचित्र, छात्रवृत्ति र सांस्कृतिक संरक्षणका छजना प्रतिष्ठित व्यक्तित्वहरूलाई पनि सम्मान गरिएको थियो। यसमा अरुणाचल प्रदेशका येशे दोर्जी थोंगची, मणिपुरका लैशराम मेमा, असमका रजनी बसुमतारी र डा. सूर्यकान्त हजारिका, मिजोरमका एल.आर. साइलो र मेघालयका प्रोफेसर डेभिड आर. सिमलिह समावेश छन्।

**जीएसटी सुधार - स्वास्थ्य क्षेत्र**

२२ सेप्टेम्बरमा सुरु गरिएको जीएसटी उत्सव अन्तर्गत नरेन्द्र मोदी सरकारले लागू गरेको संशोधित दरहरूले देशभरका धेरै क्षेत्रहरूमा मानिसहरूलाई फाइदा पुर्‍याइरहेको छ। आज, हामी कम दरहरूले स्वास्थ्य क्षेत्रमा नागरिकहरूलाई कसरी मद्दत गरिरहेको छ भन्ने बारेमा छलफल गर्नेछौं।

**बाइट**

**रिपब्लिकन सांसद भारत-अमरीका समबन्ध**

रिपब्लिकन कांग्रेसी र इन्डिया ककसका सह-अध्यक्ष रिच म्याककोर्मिकले भारत-अमेरिका साझेदारीलाई अझ सुदृढ पार्न आह्वान गर्दै भन्नु भयो, दुई देश मिलेर विश्वव्यापी शान्तिको अर्को पुस्ताको सुरुवात गर्न सक्छन्। हिजो हडसन इन्स्टिच्युटमा आयोजित एक कार्यक्रममा बोल्दै श्री म्याककोर्मिकले ट्रम्प प्रशासनले भारत जस्ता मित्रहरूलाई संयुक्त राज्य अमेरिकाको नजिक राख्नुपर्ने बताउनु भएको छ। उहाँले ट्रम्प प्रशासनलाई भारत विरुद्धको ट्यारिफ नीतिमा पनि सल्लाह दिनु भयो।**बीसीसीआई –**

**51 करोड़ पुरस्कार**

भारतीय क्रिकेट नियन्त्रण बोर्ड (BCCI) ले इतिहासमा पहिलो पटक ICC महिला क्रिकेट विश्वकप जित्ने ऐतिहासिक उपलब्धिको सम्मानमा खेलाडीहरू, सहयोगी कर्मचारीहरू र भारतीय महिला क्रिकेट टोलीको छनोट समितिलाई ५१ करोड नगद पुरस्कार घोषणा गरेको छ। BCCI ले एक विज्ञप्तिमा भनेको छ, सहयोगी स्टाफ र प्रत्येक सरोकारवालाहरूले असाधारण रूपमा राम्रो प्रदर्शन गरे, देशभरका लाखौं प्रशंसकहरूको आकांक्षा पूरा गरे। यस ऐतिहासिक जितमा BCCI अध्यक्ष मिथुन

मन्हासले भन्नु भयो, टोलीको प्रतिभा र एकताले हाम्रो देशको अपेक्षा बढाएको छ र यो जितले BCCI ले विश्वस्तरीय महिला प्रतियोगिता निर्माणमा राखेको लगानी र विश्वासलाई प्रतिबिम्बित गर्दछ।

**राजनाथ सिंह चुनावी ऱ्याली**

रक्षामन्त्री राजनाथ सिंहले आज बिहारको वैशाली जिल्लाको राघोपुर, पटनाको फतुहा, सहरसाको सिमरी बख्तियारपुर र मुंगेरको तारापुर विधानसभा क्षेत्रमा चुनावी ऱ्यालीहरूलाई सम्बोधन गर्नुहुनेछ।

****** ० ******